# Final apprehended domestic violence order

*Crimes (Domestic and Personal Violence) Act 2007*

यो कागजात कानुनी कागजात हैन। यो तपाईंलाई अदालतको आदेश बुझ्न मद्दत गर्न अभिप्रेरित छ। तपाईंले प्रहरी / अदालतको आदेशहरु पालना गर्नु पर्दछ। प्रहरी / अदालतका आदेशहरु पालना नगर्नु एक आपराधिक दोष हो।

तपाईंले निम्न आदेशहरुको पालना गर्नुपर्दछ । यी आदेशहरू पालना नगर्नु कानून बिपरित हुन्छ। तपाईं प्रहरीको हिराशतमा पर्न पर्न सक्नुहुनेछ र आरोपीत बनाई अदालत लागिन सकिन्छ। यदि तपाईं अदालत द्‌वारा दोषी पाइएमा, तपाईं २ बर्ष सम्मको लागि जेल जान सक्नु हुनेछ र ५,५०० डलर सम्मको जरिवाना तिर्नुपर्ने हुन्छ।

तपाईंलाई अन्य अपराधिक गतिबिधिमा पनि आरोपित बनाई अदालत लगिन सकिन्छ।यदि अदालत द्‌वारा तपाईं यी अपराधहरुका लागि दोषी पाउनु भएमा, तपाईंले झनै ठूलो सजाय पाउन सक्नु हुनेछ ।

तपाईंले यसमा दिइएको मिति सम्म यी आदेशहरुको पालना गर्नु पर्दछ।

यी आदेशहरु यस्मा नाम दिइएका व्यक्तिहरुको रक्षा गर्न बनाइएका हुन्।

तपाईंले यी आदेशहरुको पालना गर्नैपर्छ चाहे संरक्षित व्यक्ति द्‌वारा आफैले तपाईंलाई यसको पालना गरेको हेर्न नचाहेता पनि वा पालना नगर्न भनेता पनि । यदि तपाईंले निम्न उल्लेखित कुनै पनि कुरा गर्ने कोशिश गर्नु भएमा, यो अझै पनि कानून विरुद्ध हुनेछ जसलाई आदेश तोडिएको भनिन्छ।

## व्यवहारको बारे आदेशहरु

१. तपाईंले संरक्षित व्यक्ति वा उनीहरुसंग घरेलु सम्बन्ध भएका जो सुकैसंग पनि निम्न कुनै पनि कुराहरु गर्नु हुँदैन:

- क) उनिहरु माथि आक्रमण या उनिहरु लाई धम्काउनु
- ख) उनिहरुको पिछा गर्नु, सताउनु या उनिहरुलाई भयभीत बनाउनु, र
- ग) जानीजानी वा लापरवाही किसिमले सुरक्षित व्यक्तिको वा सुरक्षित व्यक्तिको साथमा रहेको कुनै पनि सम्पत्ति नाश गरेमा वा क्षति पुर्याएमा

NSW Police Force

women's domestic violence court advocacy services

Legal Aid

Womens Domestic Violence Court Advocacy Services are funded by Legal Aid NSW

NSW GOVERNMENT | Justice

यो कागजात कानुनी कागजात हैन। यो तपाईंलाई अदालतको आदेश बुझ्न मद्दत गर्न अभिप्रेरित छ। तपाईंले प्रहरी / अदालतको आदेशहरु पालना गर्नु पर्दछ। प्रहरी / अदालतका आदेशहरु पालना नगर्नु एक आपराधिक दोष हो।

उदाहरणको लागि:

- तपाईंले यी कुनै पनि कामहरु ब्यग्तिगत रुपमा, अरु व्यक्ति द्वारा या कुनै पनि विद्युतीय संचार माध्यम र उपकरणहरू द्वारा (उदाहरणको लागि, फोन द्वारा , टेक्स्ट मेसेजहरू, इमेलहरू, फेसबुक या अन्य सामाजिक संजालहरू, या जीपीएस ट्याक्रिंग ) गर्नु हुँदैन ।
- तपाईंले त्यस्तो केहिपनि गर्नु वा भन्नु हुन्न जसले संरक्षित व्यक्तिले भयभित महसुश गरोस, या कुनै पनि तरिकाले उनिहरूलाई महसुश होस् कि तपाईं उनिहरूलाई वा उनिहरूका संपत्ति हानि गर्न सक्नुहुन्छ, संयुक्त स्वामित्व भएको सम्पति र घरपालुवा जनावरहरुलाई क्षति पुर्याउनु लगायत।

**सम्पर्कको बारेमा आदेश**

२. तपाईंले संरक्षित व्यक्तिसँग कुनैपनि तरिकाले नजिक हुने वा उनिहरुलाई सम्पर्क गर्नु हुँदैन, जबसम्म उक्त सम्पर्क वकिल मार्फत हुँदैन।

उदाहरणको लागि:

- तपाईंले संरक्षित व्यक्तिसंग ब्यग्तिगत रुपमा, या कुनै पनि विद्युतीय संचार माध्यम द्वारा (उदाहरणको लागि, फोन द्वारा , टेक्स्ट मेसेजहरू, इमेलहरू, फेसबुक या अन्य सामाजिक संजालहरु) या अन्य कुनै पनि तरिकाहरु बाट, अरू कसै लाई अरुकसैलाई सम्पर्क गर्न लगाएर उनिहरुसंग नजिक हुने वा उनिहरुलाई सम्पर्क गर्नु हुँदैन, ।
- यदि संरक्षित व्यक्तिले तपाईंलाई सम्पर्क गर्छ र तपाईं जवाफ दिनुहुन्छ भने, जतिसुकै पटक उनीहरुले तपाईंलाई सम्पर्क गरेता पनि या यसो गर्नु को कारण भएता पनि, तपाईं यो आदेशलाई तोडि रहेको हुँनुहुनेछ।

३. तपाईं नजिक जानु हुँदैन:

क) बिद्यालय वा अन्य कुनै ठाउँ जहाँ संरक्षित व्यक्ति पढ्न जान सक्छन्,

ख) अन्य कुनै ठाउँ जहाँ उनिहरु बाल स्याहारको लागि लागि जान सक्छन्, वा

ग) अन्य कुनै ठाउँहरु जुन आदेशमा उल्लेखित छन्।

यो कागजात कानुनी कागजात हैन। यो तपाईंलाई अदालतको आदेश बुझ्न मद्दत गर्न अभिप्रेरित छ। तपाईंले प्रहरी / अदालतको आदेशहरु पालना गर्नु पर्दछ। प्रहरी / अदालतका आदेशहरु पालना नगर्नु एक आपराधिक दोष हो।

उदाहरण को लागि:
- तपाईं ब्यग्तिगत रुपमा यि ठाउँहरुको नजिक जानु हुँदैन,
- यसको अर्थ तपाईं विद्यालयको समारोहमा भाग लिन सक्नुहुन्न, विद्यालयको बिशेष समारोहमा वा बिद्यालयमा हुने अभिभावक शिक्षक साँझ।

४. तपाईं मदिरा पिए पछि वा अवैध लागूपदार्थहरु सेवन गरेपछि कम्तिमा १२ घन्टा सम्म संरक्षित व्यक्तिको नजिक जान अथवा उनीहरुसँग रहनु हुँदैन।

उदाहरणको लागि:
- तपाईं मदिरा पिए पछि वा अवैध लागूपदार्थहरु सेवन गरे पछि कम्तिमा १२ घन्टा सम्मको लागि संरक्षित व्यक्तिको नजिक जान अथवा उनीहरुसँग रहनु हुँदैन। उदाहरण को लागि, यदि तपाईं ले आफ्नो अन्तिम पेय रात को ९ बजे पिउनु भएको भए, तपाईं उनिहरु को घर या उनिहरु को काम को नजिक भोलि पल्टको बिहान को ९ बजेसम्म जान सक्न्नु हुन्न। यदि तपाईं सँगै बस्नुहुन्छ भने, यसको मतलब तपाईंले १२ घण्टा सम्म अरु कतै बस्ने ठाउँ खोज्नु पर्छ।
- तपाईंले संरक्षित व्यक्तिसँग मदिरा पिउन या अवैध लागूपदार्थहरु सेवन गर्नु हुँदैन
- तिनीहरूले तपाईं लाई पर्दैन भनेपनि तपाईं टाढा बस्नु पर्छ।

५. तपाईंले संरक्षित व्यक्तिलाई अदालतले आदेश दिएको बेला बाहेक खोज्ने कोशिस गर्नु हुँदैन।

उदाहरणको लागि:
- तपाईंले संरक्षित व्यक्तिलाई विद्युतीय संचार माध्यम द्वारा (उदाहरणको लागि, फोन द्वारा , टेक्स्ट मेसेजहरू, इमेलहरू, फेसबुक या अन्य सामाजिक संजालहरू), इन्टरनेट वा अरु कसैलाई यदि उनिहरु बसेको स्थान थाहा छ कि भनेर खोज्ने कोशिस गर्नु हुँदैन।

## पारिवारिक कानून र छोराछोरी हुर्काउने बारे आदेश

६. तपाईंले कुनै तरिकाले संरक्षित व्यक्तिको नजिक जाने वा उनिहरुलाई संम्पर्क गर्नु हुँदैन, जबसम्म सम्पर्क :

NSW Police Force

women's domestic violence court advocacy services

Legal Aid NEW SOUTH WALES

Womens Domestic Violence Court Advocacy Services are funded by Legal Aid NSW

NSW GOVERNMENT | Justice

यो कागजात कानुनी कागजात हैन। यो तपाईंलाई अदालतको आदेश बुझ्न मद्दत गर्न अभिप्रेरित छ। तपाईंले प्रहरी / अदालतको आदेशहरु पालना गर्नु पर्दछ। प्रहरी / अदालतका आदेशहरु पालना नगर्नु एक आपराधिक दोष हो।

क ) वकिलको माध्यम द्वारा वा

ख ) आधिकारिक वा अदालत-अनुमोदित परामर्श, मध्यस्थता र / वा समझौतामा उपस्थित हुन, वा

ग ) यो अथवा अन्य अदालतले बच्चा /हरुसँग सम्पर्क गर्ने बारेमा दिइएको आदेश बमोजिम, वा

घ) बच्चा/ हरु / को सम्पर्क बारेमा तपाईं र अभिभावक (हरु) बिच लिखित रुपमा सहमति भए बमोजिम

**वा**

ङ) तपाईं र अभिभावक (हरु) र बच्चा/ हरु को अभिभावकको जिम्मेवारी लिएको व्यक्ति बिच लिखित रुपमा सहमति भए बमोजिम,

उदाहरणको लागि:

- तपाईंले संरक्षित व्यक्तिलाई विद्युतीय संचार माध्यम द्वारा उदाहरण को लागि), फोन द्वारा, टेक्स्ट मेसेजहरू, इमेलहरू, फेसबुक या अन्य सामाजिक संजालहरू द्वारा(, वा अन्य कुनै पनि साधनहरू, अरुकसैलाई सम्पर्क गर्न लगाएर नजिक जाने या सम्पर्क गर्ने कोशिस गर्नु हुँदैन।
- यदि संरक्षित व्यक्तिले तपाईं सँग सम्पर्क गर्छ र तपाईं जवाफ दिनुहुन्छ भने, जतिसुकै पटक उनीहरुले तपाईंलाई सम्पर्क गरेता पनि या यसो गर्नु को कारण को भएता पनि, तपाईं यो आदेशलाई तोडि रहेको हुनुहुनेछ र तपाईंलाई अदालत अघि उपस्थित गर्न सकिनेछ ।
- यदि तपाईंसँग आफ्नो बच्चाहरु को हेरविचार सम्बन्धि पारि/वारिक कानुनको आदेश वा अन्य कुनै पनि अदालतको आदेश छ भने, के गर्न सक्नुहुन्छ वा हुँदैन भन्ने बारेमा कुनै पनि शंका छ भने वकील लाई सम्पर्क गर्नुपर्छ।

(खपारिवारिक कानूनी मामिलाहरु का लागि :को लागि (, मान्यता प्राप्त भनेको पारिवारिक कानून ऐन १९७५ अन्तर्गत मान्यता प्राप्त।

(ङउदाहरणको लागि :को लागि (, यदि तपाईं र सुरक्षित व्यक्तिको बच्चाहरु छन्/ तर तपाईंको बच्चाहरु को अभिभावकको/ जिम्मेवारी अरू कसैसँग छ भने, तपाईंले त्यसपछि बच्चाहरु सँग सम्पर्क / गर्ने बारेमा उनिहरुसँग पनि सम्झौता लिखित रुपमा लिनैपर्छ। अन्य व्यक्तिहरु, पारिवारिक र सामुदायिक सेवा मन्त्रीका प्रतिनिधि, अदालतले जारी गरेको आदेश बमोजिम नियुक्त कानुनी संरक्षक वा गोद लिने व्यक्ति, अभिभावक हुन सक्दछन्।

यो कागजात कानुनी कागजात हैन। यो तपाईंलाई अदालतको आदेश बुझ्न मद्दत गर्न अभिप्रेरित छ। तपाईंले प्रहरी / अदालतको आदेशहरु पालना गर्नु पर्दछ। प्रहरी / अदालतका आदेशहरु पालना नगर्नु एक आपराधिक दोष हो।

## तपाईं कहाँ जाना सक्नुहुन्न भन्ने आदेशको बारेमा

७. तपाईं त्यहाँ बस्नु हुन्न:

क ) संरक्षित व्यक्ति बस्ने एकै ठेगानामा, वा

ख ) आदेशमा उल्लेखित कुनै पनि ठाउँमा।

उदाहरणको लागि:

- यदि तपाईं यो ठेगानामा बस्दै आउनु भएको छ भने र आफ्नो सामानहरु लिनु परेमा, तपाईंले अदालत समक्ष आफ्नो सम्पत्ति फिर्ता लिन आदेशको लागि आवेदन दिन सक्नु हुनेछ, जसलाई संपत्ति वसूलीको आदेश भनिन्छ वा तपाईं प्रहरीलाई सम्पर्क गर्न सक्नुहुन्छ।

८. तपाईं जानु हुँदैन:

क ) कुनै पनि ठाउँ जहाँ संरक्षित व्यक्ति बस्दछ, वा

ख ) कुनै पनि ठाउँ जहाँ संरक्षित व्यक्ति काम गर्दछ, वा

ग ) आदेशमा उल्लेखित कुनै पनि ठाउँमा।

उदाहरणको लागि:

- तपाईंलाई ती स्थानहरूको सीमा भित्र जाने अनुमति छैन।
- यदि तपाईं यो ठेगानामा बस्दै आउनु भएको छ भने र आफ्नो सामानहरु लिनु परेमा, तपाईं अदालत समक्ष संपत्ति वसूलीको आदेश को लागि आवेदन दिन सक्नु हुनेछ वा तपाईं प्रहरीलाई सम्पर्क गर्न सक्नुहुन्छ।

९. तपाईं आदेशमा उल्लेखित मीटरको संख्या भन्दा भित्र जानु हुन्न:

क ) कुनै पनि ठाउँ जहाँ संरक्षित व्यक्ति बस्दछ, वा

ख ) कुनै पनि ठाउँ जहाँ संरक्षित व्यक्ति काम गर्दछ, वा

ग ) आदेशमा उल्लेखित कुनै पनि ठाउँमा।

यो कागजात कानुनी कागजात हैन। यो तपाईंलाई अदालतको आदेश बुझ्न मद्दत गर्न अभिप्रेरित छ। तपाईंले प्रहरी / अदालतको आदेशहरु पालना गर्नु पर्दछ। प्रहरी / अदालतका आदेशहरु पालना नगर्नु एक आपराधिक दोष हो।

| |
|---|
| उदाहरणको लागि:<br>• तपाई लाई ती स्थानहरूको सीमा को १०० मिटर भित्र जान अनुमति छैन।<br>• यदि तपाई यो ठेगानामा बस्दै आउनु भएको छ भने र आफ्नो सामानहरु लिन आवश्यक भएमा, तपाई अदालत समक्ष संपत्ति वसूलीको आदेशको लागि आवेदन दिन सक्नु हुनेछ वा तपाई प्रहरीलाई सम्पर्क गर्न सक्नुहुन्छ। |

**हतियार बारे आदेशहरु**

१०. हतियार निषेधाज्ञा ऐन १९९८ मा सूचीबद्ध रुपमा उल्लेखित अनुमति नभएको कुनै पनि हातहतियार वा हतियारहरु तपाईंको साथमा रहनु हुँदैन।

| |
|---|
| उदाहरण को लागि:<br>• तपाईंले हतियारहरू निषेधाज्ञा ऐन १९९८ मा सूचीबद्ध रूपमा उल्लेखित निषेध गरिएका आफ्ना सम्पूर्ण हातहतियार र हतियारहरु प्रहरीलाई समर्पण गर्नु पर्छ। यिनिहरुलाई राख्नु एक छुट्टै अपराध हो। यदि तपाई कुन हतियार आफुसँग राख्न सक्न्नुहुन्न भन्ने बारे निश्चित हुनुहुन्न भने, प्रहरी अधिकारी लाई सोध्नुहोस्। |

**अन्य आदेशहरु**

११. प्रहरी वा अदालतले तपाई अथवा तपाईंको परिवार बिशेषको लागि अरु आदेशहरू बनाउन सक्दछन्।

NSW Police Force

women's domestic violence court advocacy services

Legal Aid NEW SOUTH WALES

Womens Domestic Violence Court Advocacy Services are funded by Legal Aid NSW

NSW GOVERNMENT | Justice

# Final apprehended domestic violence order

*Crimes (Domestic and Personal Violence) Act 2007*

यो कागजात कानुनी कागजात हैन। यो तपाईंलाई अदालतको आदेश बुझ्न मद्दत गर्न अभिप्रेरित छ। तपाईंले प्रहरी / अदालतको आदेशहरु पालना गर्नु पर्दछ। प्रहरी / अदालतका आदेशहरु पालना नगर्नु एक आपराधिक दोष हो।

धेरै सम्बन्धहरुमा भय, नियंत्रण या हिंसा सामेल हुँदैन। तपाईंका कार्यहरु अस्वीकार्य छन्।अब तपाईंलाई यो आदेश दिइएकोछ जुन तपाईं ले पालना गर्नैपर्छ।यो आदेश एन एस डब्लुको प्रहरी कम्प्युटर प्रणालीमा छ ।

घरमा हुने हिंसाले सबै लाई प्रभावित पार्छ र चोट पुर्याउछ ।जब बाल-बालिकाहरुले घरमा हिंसा देख्दछन्, उनीहरु नैराश्यता बाट प्रभावित हुने, चिन्तित र आक्रामक हुने सम्भावना रहने र उनीहरुलाई बिद्यालयमा कठिनाइ हुन सक्छ।

यो तपाईं को लागि परिवर्तन गर्ने एक मौका हो ।
यदि तपाईं आफ्नो भावना वा तनाव ब्यबस्थित गर्ने बारेमा कसैसँग कुरा गर्न चाहनुहुन्छ भने, सहायता उपलब्ध छ। कल गर्नुहोस्:

- Men's Referral Service on 1300 766 491 - पुरुषहरुको लागि सहायता उपयोग गर्न एक सेवा
- Relationships Australia on 1300 364 277 - एक परिवार सहायता सेवा
- The Parent Line on 1300 1300 52 - आमाबाबुहरुलाई सहायता गर्न एक सेवा

यदि तपाईंले आदेशमा भने बमोजिम गर्नु भएन भने:

- तपाईं दुई वर्ष सम्म जेल जान सक्नुहुनेछ र ५,५०० डलर सम्मको जरिवाना हुने छ।
- यो आदेश तोडेको सहित तपाईंलाई अन्य अपराधमा आरोपित बनाई अदालत लगिन सकिने छ (उदाहरणको लागि, हमला या धमकीको लागि) यदि ति अपराधहरु को लागि अदालत द्वारा दोषी पाइएमा, तपाईं ले ठुलो सजाय पाउन सक्नु हुनेछ, जस्तो कि जेलमा बढी समय समय जेलमा।

हतियार निषेधाज्ञा ऐन १९९८ को सूचीको अनुरुप तपाईंसँग अनुमति नभएका सबै बन्दुक र हतियारहरु, सम्बन्धित लाइसेंस र अनुमति पत्रहरु सहित तुरुन्तै प्रहरी लाई बुझाउनु होस्। यदि तपाईंले यी कुनै

पनि सामग्री राख्नुहुन्छ भने, तपाईं यो आदेशको उल्लंघन गरि रहनु भएको हुन सक्नुहुन्छ र तपाईं माथि अन्य आपराधिक आरोप पनि लगाइन सकिनेछ।

तपाईंसँग आदेशको बारेमा कुनै प्रश्न छ भने, तपाईं सम्पर्क गर्न सक्नुहुन्छ:

- एक वकिललाई
- लिगल एड एन एस डव्लु (०२) ९२१९ ५००० मा
- स्थानीय प्रहरी चौकी र घरेलू हिंसा सम्पर्क अधिकारीको लागि सोध्नुहोस (यदि तपाईं सुरक्षित व्यक्ति हुनुहुन्छ भने)
- ल एक्सेस एन एस डव्लु १३०० ८८८ ५२९ मा वा www.lawaccess.nsw.gov.au
- उल्थाकार सेवा १३१ ४५० मा वा www.tisnational.gov.au.